राष्ट्रिय सूचना आयोगले

प्रथम तीन महिना (२०७१ माघ, फागुन र चैत) मा

सम्पादन गरेका प्रमुख कार्यहरुको झलक

राष्ट्रिय सूचना आयोग

काठमाण्डौ, नेपाल

२०७२ बैशाख

राष्ट्रिय सूचना आयोग

कृष्णहरि बाँस्कोटा

प्रमुख सूचना आयुक्त

किरणकुमार पोखरेल

सूचना आयुक्त

यशोदादेवी तिम्सिना

सूचना आयुक्त

आयोगको पहिलो तीन महिना

२०७१ पुस ३० गते राष्ट्रिय सूचना आयोगका प्रमुख सूचना आयुक्त र सूचना आयुक्तहरूले पद बहाली गरेपछि २०७१ माघ, फागुन र चैत गरी प्रथम तीन महिनामा हामी तीनजना आयुक्त, आयोगका कर्मचारी र सूचनाको हकका क्षेत्रमा क्रियाशील हामी सबैले हासिल गरेको उपलब्धि र भावी दिनका लागि तय गरिएको गन्तव्यको संक्षिप्त र सांकेतिक छनक दिने गरी तयार गरिएको यो प्रगति प्रतिवेदन पुस्तिकाको रूपमा प्रकाशित गरिएको छ । प्रथम तीन महिनामा तीनजना आयुक्तले भन्न सक्ने एउटै कुरा छ, हामी मुलुकको संविधान र कानुनले प्रत्याभूत गरेको नागरिकको सूचनाको हकको अधिकतम कार्यान्वयन गराउन पूर्णतः प्रतिबद्ध छौं । यही सूचनाको हकको प्रभावकारी कार्यान्वयनबाटै मुलुकको लोकतन्त्र थप सबल र संस्थागत हुने हाम्रो ठम्याइ छ । यसकै माध्यमबाट मुलुकमा भ्रष्टाचार न्यूनीकरण हुँदै जनताले अपेक्षा गरेअनुसारको सुशासन कायम हुने विश्वास पनि हामीले लिएका छौं । यही विश्वाससहित हामी आफ्नो कर्तव्यमा इमान्दारी र दृढतापूर्वक लागिपरेका छौं ।

यस प्रथम तीन महिनाको अवधिमा सूचनाको हकसम्बन्धी ऐन जारी भएपछिका सात वर्षमा हुन नसकेका कतिपय काम सम्पादन हुनुलाई हामीले ऐतिहासिक सफलता मानेका छौं । नेपाल सरकारका २७ वटा मन्त्रालयले आयोगको आग्रहअनुसार चालू आ.व. २०७१।०७२ को प्रथम र दोस्रो तीन महिनाको आ–आफ्नो निकायसम्बन्धी विवरण सार्वजनिक गरेका छन् । यसै अवधिमा नेपाल सरकारका अधिकांश विभागहरुले पनि यस्तो विवरण सार्वजनिक गरेबाट "गरे नहुने केही रहेनछ" भन्ने उक्ति सार्थक भएको हामीले महसुस गरेका छौं । स्वतः प्रकाशन सार्वजनिक गर्ने लहर जिल्लास्तरीय कार्यालयमा पनि आउन थालेको अवस्था छ । सूचनाको हकसम्बन्धी ऐनबमोजिम नागरिकलाई सूचना दिने मुख्य जिम्मेवार पदाधिकारी सूचना अधिकारी हो । प्रथम तीन महिनाको कार्यकालमा देशव्यापी दौडाहा गरी करिब सात सय पचास वटा सरकारी कार्यालयमा नयाँ सूचना अधिकारी तोक्न र अद्यावधिक गर्न आयोग सफल भएको छ । यसैबीच, सूचना अधिकारीलाई प्रशिक्षण दिने, प्रशिक्षक प्रशिक्षण सञ्चालन गर्ने, जिल्लागत रूपमा सूचनाको हकसम्बन्धी अन्तरक्रिया गर्ने, अनलाइन सूचना माग्न सकिने पद्धति प्रयोगमा ल्याउने, जनचासोको विषयमा सूचना सार्वजनिक गर भनी निर्देशन दिने, स्कुल, कलेज र प्रशिक्षण केन्द्रका पाठ्यक्रममा सूचनाको हकसम्बन्धी विषय पनि समेट्नका लागि आदेश/निर्देश गर्ने काममा आयोगलाई पूर्णतः सफलता प्राप्त भएको छ । यसबाट नागरिकको वास्तविक जीवनमा असर परेको छ/ छैन भनी सूक्ष्म विश्लेषण र स्थलगत निरीक्षण गर्न पठाउँदा नतिजा सकारात्मक पाइएको छ । यसबाट हामीलाई नागरिकको सूचनाको हक स्थापित गर्ने अभियानमा लागिरहन आत्मविश्वास बढेको छ ।

यस तीन महिनाको अवधिमा सरकारी निकायबाट नियमितरूपमा सूचना सार्वजनिक गर्ने ऐतिहासिक निर्णय गर्नुका साथै निकट भविष्यमा निर्माण हुने संविधानमा यस विषयलाई थप सबलढंगले समेट्न संविधानसभामा आयोगले विशेष अनुरोध गरेको छ । आयोगको काम व्यवस्थापिका-संसद्को विकास समितिमा प्रस्तुत गर्ने अवसर प्राप्त भएको छ । नेपाल सरकार, नेपाल पत्रकार महासंघलगायत यस क्षेत्रमा क्रियाशील संघ–संस्था, अभियन्ता, कानूनविद्, नागरिक समाज, विद्वान, पत्रकारलगायत सबैबाट आयोगले अपेक्षित सहयोग प्राप्त गरेको छ । आयोगको संगठन सुधारलगायतको समष्टिगत सुधारको कामलाई दृढतापूर्वक अघि बढाईएको छ । भविष्यमा थप क्रियाशील हुन सिर्जनशील र उपलब्धिमूलक कार्यक्रमसहित सरकारसँग स्रोत माग गर्न आयोग अग्रसर भएको छ । हामी ढुक्क र विश्वस्त छौं । जनताको सूचना पाउने अधिकारको संरक्षण गर्न हामीले अपेक्षा गरेको सहयोग पाउनेछौं र हामी मुलुकले सुम्पिएको जिम्मेवारी सफलतापूर्वक पूरा गर्न आफ्नो कर्मक्षेत्रमा निरन्तर समर्पित भइरहनेछौं । अन्त्यमा, लामो समय रिक्त रहेको आयोगको पदाधिकारी नियुक्तिका लागि सिफारिस गर्ने समिति, निर्णय गर्ने मन्त्रिपरिषद् र आयोगको कार्यमा प्रत्यक्ष र अप्रत्यक्षरूपमा सघाउने सबैप्रति हार्दिक आभार प्रकट गर्दछौं ।

कृष्णहरि बाँस्कोटा
प्रमुख सूचना आयुक्त

राष्ट्रिय सूचना आयोगले
प्रथम तीन महिना (२०७१ माघ, फागुन र चैत) मा
सम्पादन गरेका प्रमुख कार्यहरुको झलक

१. नियुक्ति र पद बहाली

सम्माननीय सभामुख श्री सुभासचन्द्र नेम्वाङ्ग्ज्यूको अध्यक्षतामा माननीय सूचना तथा सञ्चार मन्त्री डा. मीनेन्द्र रिजालज्यू र नेपाल पत्रकार महासंघका अध्यक्ष डा. महेन्द्र बिष्टज्यू सदस्य रहेको समितिको सिफरिसमा नेपाल सरकार (मन्त्रिपरिषद्) बाट २०७१ पुस २४ गते प्रमुख सूचना आयुक्तमा श्री कृष्णहरि बाँस्कोटा र सूचना आयुक्तमा श्री किरणकुमार पोखरेल तथा श्री यशोदादेवी तिम्सिना नियुक्त हुनुभएको हो ।

२०७१ पुस ३० गते सम्माननीय प्रधानमन्त्री श्री सुशील कोइरालाज्यूसँग प्रमुख आयुक्तले र प्रमुख आयुक्तसँग आयुक्तहरूले सपथ लिनुभएको थियो । तत्श्चात सम्माननीय राष्ट्रपति डा. रामवरण यादवज्यूसँग शिष्टाचार भेट गरी आयोग पुगी तीनै जना पदाधिकारीबाट पद बहाली भएको थियो ।

२. आयोगको बैठकका निर्णयहरु

यस प्रथम तीन महिनाको अवधिमा आयोगका ११ वटा बैठक बसेको छ । बैठकबाट पारित भएका प्रमुख निर्णयहरू निम्नानुसार छन :–

२.१ लोकतन्त्र प्राप्तिको संघर्षमा सहादत प्राप्त गर्ने अमर सहिदहरूप्रति श्रद्धाञ्जली व्यक्त गर्ने ।

२.२ आगामी संविधान निर्माणमा सूचनाको हकलाई उच्च प्राथमिकतामा राख्न र आयोगको भूमिकालाई अझ सबल तुल्याउन संविधानसभाका सम्माननीय अध्यक्षज्यूमार्फत संविधानसभालाई आग्रह गर्ने ।

२.३ ठाकुरराम बहुमुखी क्याम्पस, विराटेश्वर बचत ऋण सहकारी संस्था, जिल्ला प्रशासन कार्यालय काठमाडौं, नापी कार्यालय कैलाली, कन्काई बहुमुखी क्याम्पस झापा, जिल्ला प्रशासन कार्यालय रुकुम, राजस्व अनुसन्धान विभाग, जिल्ला विकास समितिको कार्यालय धनुषा, आन्तरिक राजस्व विभाग, नेपाल प्रतिलिपि अधिकार रजिस्ट्रारको कार्यालय, संस्कृति, पर्यटन तथा नागरिक उडड्यन मन्त्रालय, जिल्ला प्रशासन कार्यालय सिराहा, बन तथा भू–संरक्षण मन्त्रालय, नेपाल बैंक लिमिटेड, कोष तथा लेखा नियन्त्रक कार्यालय काठमाडौंलगायतलाई निवेदकको मागअनुसार सूचना दिन आदेश गरेको ।

२.४ बैठक व्यवस्था कार्यविधिलाई परिमार्जन गर्ने र तीन/तीन महिनामा स्वतः प्रकाशन गर्नुपर्नेसम्बन्धी छुट्टै निर्देशिका जारी गर्ने तयारी भएको छ ।

२.५ आयोगका कर्मचारीको आचारसंहिताको मस्यौदा तयार भई छलफलमा रहेको छ ।

२.६ पुनरावेदनसम्बन्धी निर्णयहरू भएका छन् ।

२.७ विशेष प्रकृतिको ४ वटा विषयमा निर्णय भएको छ ।

२.८ सूचनाको हकसम्बन्धी नियमावली, २०६५ मा तेस्रो संशोधन प्रस्ताव गरी नेपाल सरकारसमक्ष पठाइएको छ ।

३. सूचनाको हकसम्बन्धी ऐनको दायित्व पालना गर्न सचिवको नाममा आदेश जारी

राष्ट्रिय सूचना आयोगबाट नेपाल सरकारका २७ वटा मन्त्रालयका सचिव र ती बाहेकका केन्द्रीयस्तरका २१ वटा निकायका सचिव/प्रशासकीय प्रमुखको नाममा सूचनाको हकसम्बन्धी ऐन र नियमावलीबमोजिम २० वटा शीर्षकमा प्रत्येक तीन/तीन महिना व्यतित भएको १५ दिनभित्र आफ्नो निकाय र मातहत कार्यालयको विवरण सार्वजनिक गर्न विशेष आदेश जारी भएको छ । यसैगरी आयोगले ती पदाधिकारीहरूलाई सूचना अधिकारी तोक्न, कुनै कारणले सो जिम्मेवारीको व्यक्ति अन्यत्र गएमा सात दिनभित्र अर्कोलाई सूचना अधिकारी तोक्न, सूचना शाखा स्थापना गर्न, सूचना अधिकारीलाई सूचना, कर्मचारी र बजेट उपलब्ध गराउन, निजको विवरण सबैले जान्ने गरी फ्लेक्स बोर्ड र वेब–साइटमार्फत सार्वजनिक गर्न भनिएको छ । यस अतिरिक्त आफ्नो र मातहतका निकायमा सूचना मागसम्बन्धी परेका र पर्ने निवेदनउपरको कारबाहीको विवरण अद्यावधिक गरी प्रत्येक ३/३ महिनामा आयोगमा पठाउन पनि आदेश जारी गरिएको छ ।

४. प्रशिक्षण प्रदान गर्ने निकायलाई प्रशिक्षणमा सूचनाको हकसम्बन्धी पाठ्यक्रम समावेश गर्न आदेश जारी

आयोगले नेपाल सरकारमातहतमा रहेका सबै प्रशिक्षण सञ्चालन गर्ने निकायलाई आफूले सञ्चालन गर्ने प्रशिक्षणमा अनिवार्यरूपमा सूचनाको हकसम्बन्धी पाठ्यक्रम/सत्र राख्न आदेश जारी गरेको छ । साथै आयोगबाट जारी भएको आदेशमा आगामी आर्थिक वर्षदेखिको वार्षिक कार्यक्रममा के-कसरी सूचनाको हकलाई पाठ्यक्रममा समावेश गरिएको छ, सो समेत खुल्ने गरी आयोगमा पठाउन पनि भनिएको छ ।

५. आयोगबाट आदेश/निर्णय जारी

प्रस्तुत ३ महिनाको अवधिमा आयोगबाट २२४ वटा आदेश/निर्णय जारी भएको छ । जस अनुसार २०७१ माघमा ९९ वटा, फागुनमा ४७ वटा र चैतमा ७८ आदेश/निर्णय भएका छन् ।

यसरी आदेश/निर्णय भएकोमा अधिकांशमा मागअनुसारको सूचना दिने, सूचना प्राप्त भएकोमध्ये लगत कट्टा गर्ने, कानुनबमोजिम ३/३ महिनामा विवरण सार्वजनिक गर्ने, सूचना अधिकारी तोक्ने, सूचना मागेको र सूचना दिएको विवरण अद्यावधिक गर्ने तथा प्रशिक्षणको पाठ्यक्रममा सूचनाको हकलाई समावेश गर्नेजस्ता विषय समेटिएका छन् ।

६. सूचना अधिकारीको विवरण अद्यावधिक गरिएको

आयोगले सूचना अधिकारीको नामावली र सम्पर्क नम्बर अद्यावधिक गर्ने सन्दर्भमा एक प्रकारको अभियान नै सञ्चालन गरेको छ । यसअनुसार केन्द्रीयस्तरका निकाय र नेपाल सरकारका २७ वटा मन्त्रालयहरू तथा ५५वटा विभागमा कार्यरत सूचना अधिकारीहरूको नामावली अद्यावधिक गर्नुका साथै तिनीहरूको नाम, सम्पर्क नम्बर र फोटोसहितको फ्लेक्स टाँस गर्न लगाईएको छ ।

ती निकायको वेब-साइटमा सूचना अधिकारीको विवरण राखिएको छ । सूचना अधिकारी कक्ष पहिचान हुने गरी बोर्ड राख्न लगाइएको छ । छुट्टै सूचना शाखा स्थापना गर्ने, सूचना अधिकारीलाई सहयोगी कर्मचारी र आवश्यक भौतिक सामाग्री दिन सम्बन्धित निकायहरूलाई उत्प्रेरित गरिएको छ ।

यी सबै प्रयासबाट एकातिर सूचना अधिकारीहरू उत्प्रेरित भई सूचना दिने प्रवृत्तिमा सुधार आएको छ भने अर्कोतिर केन्द्र, क्षेत्र र जिल्लास्तरीय कार्यालयहरूमा अभियानकै रूपमा सूचना अधिकारी तोकिइने क्रममा वृद्धि भएको छ । यस प्रथम ३ महिनाको अवधिमा करिब सात सय पचास जना नयाँ सूचना अधिकारी तोकिइएको छ ।

७. सूचना अधिकारीको तालिम सम्पादन

सूचनाको हकसम्बन्धी ऐन र नियमावली अनुसार नागरिकको मागबमोजिम सूचना प्रवाह गर्ने मुख्य पदाधिकारी नै सूचना अधिकारी हो । यसर्थ निजलाई उत्प्रेरित गर्न, अस्पष्ट रहेका कुरा प्रस्ट हुन, भ्रम निवारण गर्न यसै अवधिमा १८ जिल्लामा तालिम/अभिमुखीकरण सञ्चालन भएका छन् । यसबाट सूचना अधिकारीहरू सूचना दिन निकै उत्साहित भएको पाइएको छ ।

यसैबीच आयोगले प्रशिक्षण प्रदान गर्ने सरकारी प्रशिक्षण केन्द्रमा कार्यरत प्रशिक्षक/अधिकृतहरूलाई सूचनाको हकसम्बन्धी प्रशिक्षक प्रशिक्षण पनि प्रदान गरेको छ । निकट भविष्यमै आयोगले अन्तर्राष्ट्रियस्तरका प्रशिक्षकलाई नेपालमा झिकाई सूचना अधिकारीहरूलाई तालिम दिने गृहकार्यलाई पनि अन्तिम चरणमा पुऱ्याएको छ ।

८. संविधानसभाका सम्माननीय अध्यक्षज्यूसँग भेटघाट

आयोगका आयुक्तहरूले समय-समयमा संविधानसभाका सम्माननीय अध्यक्ष श्री सुभासचन्द्र नेम्वाङ्गज्यूलाई भेटी आगामी संविधानमा सूचनाको हकलाई थप प्राथमिकताका साथ सम्बोधन गर्न र राष्ट्रिय सूचना आयोगको भूमिकालाई थप प्रभावकारी तुल्याउनेतर्फ विशेष अनुरोध भइरहेको छ। यस सम्बन्धमा सम्माननीय अध्यक्षज्यूबाट आयोगलाई प्राप्त भएको सहयोगप्रति आयोगले आभार व्यक्त गरेको छ ।

९. सूचना तथा सञ्चार मन्त्रालयसँग समन्वय

सूचनाको हकसम्बन्धी ऐन, २०६४ को दफा २६ मा आयोगले नेपाल सरकारसँग सम्पर्क राख्दा सूचना तथा सञ्चार मन्त्रालयमार्फत राख्नुपर्ने व्यवस्था छ । सो अनुसार सूचना अधिकारीलाई उत्प्रेरित गर्ने प्याकेजको तयारी, आयोगका लागि आ.व. २०७२/७३ को बजेट निर्माण, पचहत्तरै जिल्लाका हुलाकलाई सूचनाको हकसम्बन्धी व्यवस्था कार्यान्वयनको स्थिति अनुगमन गर्न निर्देशन दिनेलगायतका विषयमा पटक-पटक माननीय सूचना तथा सञ्चार मन्त्री डा. मीनेन्द्र रिजालज्यू, मन्त्रालयका सचिवलगायतका पदाधिकारीहरूसँग भेटघाट, छलफल भइरहेको छ । माननीय मन्त्रीज्यू र मन्त्रालयबाट आयोगलाई उपलब्ध हुनुपर्ने सहयोग प्राप्त भइरहेको छ ।

१० नेपाल पत्रकार महासंघसँग अन्तरक्रिया

नेपाल पत्रकार महासंघका अध्यक्ष डा. महेन्द्र बिष्टज्यू र महासंघको केन्द्रीय समितिका पदाधिकारी तथा केन्द्रीय सदस्यहरूसँग आयोगले सूचनाको हकका बारेमा अन्तरक्रिया गरेको छ ।

यस्तो छलफल कार्यक्रममा आयोगका तर्फबाट महासंघसँग मिलेर सहकार्य गर्न सकिने प्रस्तावसमेत गरिएको छ । साथै, जिल्लास्तरमा पनि आयोगले सञ्चालन गर्ने प्रायः सबै कार्यक्रममा नेपाल पत्रकार महासंघका जिल्ला अध्यक्ष र पदाधिकारी एवं पत्रकारहरूलाई सहभागी गराउने र सहकार्य गर्ने काम आयोगबाट भइरहेको छ ।

११. पेट्रोलियम पदार्थको मूल्य र आपूर्ति व्यवस्थाको सही सूचना तत्काल प्रवाह गर्न निर्देशन

आयोगमा वाणिज्य तथा आपूर्ति मन्त्रालयका सचिव र नेपाल आयल निगमका कार्यकारी निर्देशकलाई बोलाई पेट्रोलियम पदार्थको मूल्य घटेका बखत सबै पेट्रोल पम्पबाट आम जनताले घटेकै मूल्यमा तत्कालैदेखि पेट्रोलियम पदार्थ खरिद गर्न पाउने व्यवस्थाका लागि मूल्य निर्धारणको सूचना तत्काल प्रवाह गर्ने प्रबन्ध मिलाउन निर्देशन दिइएको छ । यसैगरी एल.पी. ग्यास प्लान्टका लागि निर्धारित मासिक कोटा र ती उद्योगले उठाएको पर्चेज डेलिभरी अर्डर (पी.डी.ओ.) सम्बन्धी सूचना तत्कालै निगमको वेब-साइटको माध्यमद्वारा सार्वजनिक गर्न निर्देशन दिइएको छ । यसबाट पेट्रोलियम पदार्थको आपूर्ति व्यवस्थामा जनताले सहजता महसुस गर्ने आयोगको विश्वास छ ।

१२. मेलम्ची खानेपानी आयोजनालाई सुसूचित गर्न निर्देशन

मेलम्ची खानेपानी आयोजनाको पाइप बिच्छाउने बहानामा काठमाडौँभित्रका पिच खन्ने र सडक अस्तव्यस्त तुल्याउने स्थितिप्रति आयोगको ध्यानाकर्षण भएको छ । यसर्थ त्यस निकायका कार्यकारी प्रमुखलाई आयोगमा डाकी कुन सडक कहिले खन्ने र पुर्ने हो ? कहिलेसम्ममा खनिएको सडक ग्राभेल गर्ने र कालोपत्र गर्ने काम गरिन्छ ? कहिलेसम्ममा फुटपाथ तयार हुन्छ ? सडक खन्ने काम गर्दा वैकल्पिक मार्ग कसरी तय गरिन्छ र खन्नुपूर्व आम सर्वसाधारणलाई कसरी सूचित गरिन्छ ? आयोजनाको तदस्तावेजमा के व्यवस्था छ र ठेक्कापट्टामा के कस्तो समय तालिका निर्धारण गरिएको छ ? यी यावत कुरा सर्वसाधारणले जान्ने र बुझ्ने गरी निर्माणस्थलमा होडिङ बोर्ड राख्न आयोगबाट निर्देशन जारी भएको छ । यसबाट काममा शिघ्रता र पारदर्शिता अभिवृद्धि हुने आयोगको विश्वास छ ।

१३. स्कुल र कलेजको पाठ्यक्रममा सूचनाको हक समावेश गर्ने प्रयास

कक्षा ६ देखि १० सम्मको पाठ्यपुस्तकमा सूचनाको हकको विषयलाई पनि समावेश गर्नेगरी आयोगबाट सार्थक प्रयासको थालनी भएको छ । यसअनुसार कक्षा ६ देखि १० सम्मको पाठ्यक्रमको 'ग्याप एनालिसिस' गरी पाठ्यक्रम तयार गर्ने कामको थालनी भएको छ । कक्षा ८ को लागि छुट्टै पाठ्यपुस्तक नै तयार गर्ने काम आरम्भ भएको छ । कक्षा ९ को पाठ्यपुस्तकमा सूचनाको हकसम्बन्धी छुट्टै पाठ राख्ने प्रयासले सार्थकता पाउँदैछ । यस अतिरिक्त शिक्षकहरूको मार्गनिर्देशिकामा सूचनाको हकको विषयलाई पनि समेटिँदैछ । यसैगरी कक्षा ११ र १२ को पाठ्यक्रममा पनि सूचनाको हकको विषयलाई समेट्न सम्बन्धित निकायका पदाधिकारीहरूसँग बैठक, छलफल भइरहेको छ ।

१४. देशव्यापी जिल्ला भ्रमणको कार्यक्रम आरम्भ

संविधान र कानुनले नागरिकलाई प्रदान गरेको सूचनाको हकको संरक्षण, संवर्द्धन र प्रचलनका लागि आयोगले देशव्यापी दौडाहा अभियान आरम्भ गरेको छ । प्रत्येक जिल्लामा पुगेर आयोगले त्यहाँका सबै सरकारी कार्यालयका प्रमुख, राजनैतिक दलका प्रतिनिधि, गैरसरकारी संस्थाका प्रतिनिधि, सार्वजनिक निकायका सूचना अधिकारी, सूचनाको हकका अभियन्ता, नागरिक समाजका प्रतिनिधि, नेपाल पत्रकार महासंघका अध्यक्षसहित पत्रकारहरू, विद्वान्, बुद्धिजीवी, शिक्षकलगायत सम्भव भएसम्मका सबै पक्ष र क्षेत्रका जिम्मेवार व्यक्तिहरूलाई भेला गराई सूचना लिने-दिने संस्कृतिको विकासका लागि उत्प्रेरित गर्ने र दबाब दिने दुवै रणनीति अवलम्बन गर्दै आइएको छ ।

यसरी जिल्लामा कार्यक्रम सञ्चालन गर्दा अनिवार्यरूपमा सूचना अधिकारीहरूको अद्यावधिक विवरण सार्वजनिक गराउने, सूचनाको हकसम्बन्धी प्रचार सामग्री वितरण गर्ने, अनलाईन सूचना माग गर्न सकिने पद्धति जडान गर्ने, होडिङ बोर्ड राख्न उत्प्रेरित गर्ने, पत्रकारहरूलाई यससम्बन्धी सामग्री प्रकाशन/प्रशारण गरिदिन आग्रह गर्ने र आम नागरिकमा पनि उत्साह र विश्वास जगाउनेतर्फ जोड दिने गरिएको छ ।

हालसम्मको तीन महिनाको अवधिमा यस्तो जिल्लास्तरीय कार्यक्रम धादिङ, नुवाकोट, लम्जुङ, स्याङजा, कास्की, बाग्लुङ, पर्वत, दैलेख, बाँके, सुर्खेत, रामेछाप, दोलखा, पर्सा, दाङ, इलाम, मोरङ, सुनसरी र काभ्रेमा सम्पन्न भइसकेको छ ।

१५. पत्रकारहरूसँग नियमित भेटघाट

आयोगले नागरिकको सूचनाको हकको प्रचलनमा महत्वपूर्ण भूमिका निर्वाह गर्दै आएको पत्रकारिता क्षेत्रसँग निकट सम्बन्धमा रही आफ्ना काम कारबाहीलाई अगाडि बढाएको छ । यसै सन्दर्भमा दैनिक प्रकाशित हुने अखबारका सम्पादकहरू, रेडियोमा कार्यरत पत्रकारहरू एवं अनलाइन समाचारसँग सम्बन्धित पत्रकारहरूसँग छुट्टाछुट्टै भेटघाट तथा छलफल भएको छ । साथै जिल्लास्तरीय कार्यक्रम सञ्चालन गर्दा आयोगका पदाधिकारीहरूबाट पत्रकारहरूसँग छुट्टै भेटघाट गर्ने कार्यलाई निरन्तरता दिने गरिएको छ ।

१६. संसद्को विकास समितिमा विशेष छलफल

व्यवस्थापिका-संसद्को विकास समितिका सभापति माननीय रवीन्द्र अधिकारीज्यूको अध्यक्षतामा सो समितिका माननीय सभासद्ज्यूहरू, नेपाल सरकारका मुख्य सचिव र सचिवहरूको उपस्थितिमा सूचनाको हकका सम्बन्धमा विशेष छलफल कार्यक्रम सम्पन्न भएको छ । सो कार्यक्रममा प्रमुख आयुक्तले कार्यपत्र प्रस्तुत गर्नुभएको थियो भने समितिले यससम्बन्धमा विशेष निर्णय गरी कार्यान्वयनका लागि सबै मन्त्रालय र केन्द्रीयस्तरका निकायमा लेखी पठाएको छ ।

१७. सरोकारवालासँग निरन्तर छलफलको प्रयास

सूचनाको हकका क्षेत्रमा आयोगले क्रियाशील र जानकारहरू, अभियन्ता, विद्वान् र बुद्धिजीवीहरूसँग निरन्तर भेटघाट गरी सल्लाह-सुझाव प्राप्त गरिरहेको छ । यसै सन्दर्भमा आयोगले पूर्वआयुक्तहरू र आयोगमा कार्यरत पूर्वसचिवहरूसँग अन्तरक्रिया गरेको छ । यसैगरी

सूचनाको हकका क्षेत्रमा महत्वपूर्ण योगदान पुऱ्याएका अभियन्ता र कानुन क्षेत्रका विज्ञसँग पनि छलफल गरेको छ ।

यसै सन्दर्भमा आयोगले सूचना अधिकारी, विभागका महानिर्देशकहरू, हुलाक सेवा विभागका महानिर्देशकसहितका अधिकृतहरूसँग विशेष छलफल गरेको छ । यी सबै छलफलको उद्देश्य आम नागरिकको सूचनाको हकको प्रचलनमा बढोत्तरी ल्याउनु रहेको छ ।

आयोगले नेपाल जनप्रशासन संघसँग संयुक्तरूपमा क्याम्पसका शिक्षक र उच्च तहका विद्यार्थीसमेतलाई सूचनाको हकसम्बन्धी विस्तृत जानकारी प्रदान गरेको छ ।

१८. विदेशी कुटनीतिज्ञ एवं दातृ निकायसँग भेटघा

बेलायत, डेनमार्क र स्विट्जरल्यान्ड सरकारको सहयोगमा सञ्चालित 'सूचना' आयोजनाको कार्यान्वयन तहमा रहेका जिम्मेवार पदाधिकारीहरूसँग आयोगले छलफल, परामर्श गरी सहयोगको उपादेयता र दायरा विस्तार गर्ने प्रयास गरिरहेको छ ।

यसै अवधिमा बंगलादेशमा आयोजित क्षेत्रीयस्तरको कार्यक्रममा आयोगका प्रमुख आयुक्त सहभागी हुँदा त्यहाँका सूचनामन्त्रीसँग भेटघाट गरी द्विपक्षीय सम्बन्ध सुदृढ गर्न त्यहाँको आयोग र नेपालको आयोगबीच सहयोगको आदान-प्रदान गर्ने MOU तयार भइ सहमति गर्ने सन्दर्भ अगाडि बढेको छ। यसैगरी नेपालस्थित बंगलादेशका महामहिम राजदूतले आयोगमा आई आयोगका पदाधिकारीहरूसँग द्विपक्षीय हितका कुराकानी गर्नुभएको छ । यसैगरी नेपालस्थित यू.एन. ओमेनका प्रमुख Mr. Ziad sheikh आयोगमा शिष्टाचार भेटघाटका लागि आउनुभएको थियो । उहाँ र आयुक्तहरूबीच महिला विकास र महिला सशक्तीकरणका क्षेत्रमा गर्न सकिने संयुक्त कार्यको विषयमा छलफल भएको छ ।

विश्व बैंकमा सूचनाको हकका क्षेत्रमा कार्यरत पदाधिकारीहरूले आयोगमा आई भेटघाट गर्नुभएको छ। यसैगरी पाकिस्तानका आयुक्तहरूले पनि आयोगको भ्रमण गरी आयुक्तहरूसँग द्विपक्षीय विचारको आदान-प्रदान गर्नुभएको छ । यसका साथै संयुक्त राष्ट्रसंघीय सहयोगलगायत विविध विषयमा आयोगसँग कुराकानी भएको छ । यी सबै प्रयास नेपाली नागरिकको सूचनाको हकको प्रभावकारी प्रचलन गराउनमै केन्द्रित रहेको छ ।

१९. नागरिकको अधिकारप्रति सजग गराउने सन्देश प्रवाह

आयोगले विविध सूचनामूलक सामग्री तयार गरी नागरिकलाई सूचनाको हकप्रति सजग तुल्याउने सन्देश निरन्तर प्रवाह गरिरहेको छ । यसअनुसार टेलिभिजनबाट वृत्तचित्र प्रशारण भएको छ । रेडियोबाट सन्देशमूलक सामग्री प्रकाशित भएको छ । टेलिभिजनको स्क्रोलमा सूचनाको हकसम्बन्धी सामग्री राखिएको छ । सूचना विभागले लोककल्याणकारी विज्ञापनअन्तर्गत पत्रपत्रिका, क्यालेन्डर, डायरीमा सूचनाको हकसम्बन्धी सामग्री प्रकाशन गरेको छ । यसरी विभिन्न सञ्चार माध्यमद्वारा नागरिकमा सूचनाको हकप्रति सजग गराउन आयोग क्रियाशील रहेको छ ।

२०. मन्त्रालय र विभागको RTI Audit गरेको

नेपाल सरकारका मन्त्रालय र विभागमा सूचना प्रवाह गर्ने संयन्त्र कस्तो रहेको छ भन्ने सन्दर्भमा आयोगले पटक-पटक ती निकायको स्थलगत अनुगमन गरी RTI Audit गरेको छ । यस्तो Audit

मा विशेषगरी सूचनाको हकप्रति ती निकायको प्रतिबद्धताको स्थिति, सूचना अधिकारी तोकिएको अवस्था, सूचना मागको विवरण अद्यावधिक गर्ने गरी छुट्टै फाइल र रजिस्टर खडा गरे/नगरेको स्थिति, सूचना शाखाको स्थापना, RTI Budget को व्यवस्था, सूचना अधिकारीले तालिम लिए/नलिएको, उजुरीपेटिका भए/ नभएको, पत्रकार भेटघाट गर्ने गरे/नगरेको, सार्वजनिक सुनुवाई भए-नभएको, सूचनापाटी व्यवस्थित भए/नभएको, तीन/तीन महिनामा सूचना प्रवाह गर्ने गरे/ नगरेको जस्ता विषयलाई मूल्याङ्कनको आधार बनाइएको छ ।

यस अतिरिक्त आयोगबाट मन्त्रालयहरूको वेब-साइटको स्थितिबारे पनि जानकारी लिने काम भएको छ । यस्तो नियमित अनुगमनबाट ती निकायको स्थितिमा सकारात्मक परिवर्तन आएको महसुस गरिएको छ ।

२१. आयोगद्वारा खुल्ला कार्य संस्कृतिको अनुशरण

आयोगले आफ्ना सम्पूर्ण कामकारबाहीलाई अधिक खुल्ला र पारदर्शी तुल्याउने नीति अवलम्बन गरेको छ । यसअनुसार आयोगका आदेश र निर्णयहरू वेब-साइटमा राख्ने प्रचलन आरम्भ गरिएको छ । आयोगले सञ्चालन गर्ने कार्यक्रमको बजेट सार्वजनिक गर्ने परम्पराको पनि थालनी भएको छ । आयोगका हरेक गतिविधिहरू प्रेस विज्ञप्तिका माध्यमद्वारा सार्वजनिक गरिएको छ । यी सबै क्रियाकलापलाई वेब-साइटमा पनि समावेस गरिएको छ । आयोगले प्रत्येक महिनामा सम्पादन गरेका कामको सार्वजनिकीकरणका लागि प्रेस भेटघाट कार्यक्रम राख्ने परम्पराको पनि थालनी गरेको छ । यस अतिरिक्त आयोगले तीन/तीन महिनामा कानुन बमोजिम सार्वजनिक गर्नुपर्ने विवरण नियमितरूपमा सार्वजनिक गरी आएको छ ।

२२. नेपाल सरकारका निकायहरुको क्रियाशीलतामा अभिवृद्धि

आयोगको तर्फबाट सचिवहरूको बैठकमा उनीहरूले पालना गर्नुपर्ने कर्तव्यका बारेमा जानकारी दिइएको छ । प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयका सचिवको संयोजकत्वमा गठित केन्द्रीय समन्वय एकाइको बैठक बसी विभिन्न निर्णय भएको र जिल्लास्तरीय कार्यक्रम सञ्चालन भइरहेको छ । यसैगरी सूचना तथा सञ्चार मन्त्रालयका सचिवको संयोजकत्वमा गठित कार्यान्वयन अनुगमन एकाइले पनि यस क्षेत्रमा विशेष पहल गरिरहेको छ । यसअनुसार हुलाक प्रशासनबाट जिल्ला, क्षेत्रीय र विभागस्तरमा ३।३ महिनामा स्वत: विवरण प्रकाशित गर्ने, सूचना अधिकारी तोक्ने र सूचना मागको विवरण छुट्टै अभिलेखबद्ध गर्ने कामलाई उत्प्रेरित गर्ने र अनुगमन गर्ने काम भइरहेको छ । अन्य सरकारी निकायले पनि यस क्षेत्रमा स्वस्फूर्तरूपमा विविध रचनात्मक काम गरिरहेको आयोगको जानकारीमा छ ।

२३. गैरसरकारी संस्था र अभियन्ताको क्रियाशीलतामा अभिवृद्धि

आयोगले आफ्नो क्रियाशीलता प्रदर्शन गरेसँगै यस क्षेत्रमा क्रियाशील अभियन्ता र गैर सरकारी संस्थाले पनि आ-आफ्नो क्रियाशीलतामा वृद्धि गरेको सुखद स्थिति देखिएको छ । कैयौ कार्यक्रममा आयुक्तहरू पनि सहभागी हुनुभएको छ । ती निकायहरूबाट प्रशिक्षण दिने, सूचना मागको संख्या वृद्धि गर्ने, सूचना माग गर्ने प्रक्रियाबारे आम नागरिकलाई जानकारी दिने, रेडियो, टीभी, अनलाई र पत्रपत्रिकाबाट

चेतनामूलक कार्यक्रम सञ्चालन गर्नेजस्ता काम भइरहेका छन् । आयोगले यस क्षेत्रका अभियन्ताहरूलाई प्रोत्साहित गर्ने र गैरसरकारी संस्थासँग सहकार्य गर्ने समेतको रणनीति अवलम्बन गरेको छ ।

२४. आयोगको संगठन तथा व्यवस्थापन अध्ययन आरम्भ

आयोगका सचिवको संयोजकत्वमा सामान्य प्रशासन मन्त्रालय, अर्थ मन्त्रालय र सूचना तथा सञ्चार मन्त्रालयका जिम्मेवार पदाधिकारीहरू सम्मिलित संगठन तथा व्यवस्थापन अध्ययन टोली गठन भएको छ । हाल आयोगमा तीन जना आयुक्त र ३१ जना कर्मचारी मात्रको दरबन्दी रहेको छ । यसलाई आधारभूतरूपमै विस्तार गर्नुका साथै कम्तीमा पाँचवटा विकास क्षेत्रमा क्षेत्रीयस्तरको कार्यालय खडा गर्ने गरी अध्ययन अगाडि बढेको छ । साथै यस विषयमा संगठन तथा व्यवस्थापनविज्ञबाट पनि छुट्टै अध्ययन भइ छिट्टै प्रतिवेदन प्राप्त हुने अवस्थामा कार्य प्रगति भइरहेको छ ।

२५. आयोगको घरजग्गाको पहल

लोकतन्त्रसँग प्रत्यक्ष सम्बन्धित नागरिकको सूचनाको हकको संरक्षण, संवर्द्धन र प्रचलनका लागि गठित राष्ट्रिय सूचना आयोगको कार्यालय हाल भाडाको घरमा रहँदै आएको छ । आयोगको महत्व र गरिमालाई ध्यानदिइ आयोगका लागि सुविधासम्पन्न सर्वसाधारण नागरिकको पायक पर्ने स्थानमा सुविधासम्पन्न सरकारी भवनको खोजी जारी राखिएको छ । साथै भवन निर्माण गर्न खाली सरकारी जमिनको खोजी पनि भइरहेको छ । सरकारी भवन र जमिन उपलब्ध नभएमा आगामी बजेटमा जग्गा खरिद गर्ने र भवन निर्माण गर्ने बजेट माग गरिनेछ ।

२६. आयोगबाट Digital Infotmation System स्थापना गर्ने अध्ययन आरम्भ

आयोगबाट नेपाल सरकारलाई सुझावस्वरूप सफ्टवेयर पठाउने गरी कसरी सूचनालाई 'डिजिटलाइज्ड' रुपमा अद्यावधिक गरी प्रकाशन गर्न सकिन्छ भन्ने सन्दर्भमा आयोगले विज्ञहरूबाट अध्ययन आरम्भ गरेको छ । यसबाट सबै सरकारी निकायले ३।३ महिनामा सार्वजनिक गर्नुपर्ने विवरण तयार गरी सार्वजनिक गर्न सहज हुने आयोगको विश्वास छ ।

२७. आयोगको वेब-साइटमा परिमार्जन

पहिलो तीन महिनाको अवधिमा आयोगको वेब-साइट www.nic.gov.np मा उल्लेख्य परिमार्जन गरिएको छ । यसलाई सेवाग्राहीमैत्री बनाइनुका साथै थप सूचना सामग्रीयुक्त तुल्याइएको छ । आयोगका आदेश र निर्णयहरू, अनलाइन सूचना माग गर्न सकिने कम्प्युटरीकृत प्रणाली, (www.mic.nic.gov.np), आयोगका गतिविधिहरू, प्रेसविज्ञप्तिहरू, सूचना अधिकारीहरूको परिमार्जित स्वरूप, तीन/तीन महिनाको स्वत: प्रकाशन (Pro active Disclousre) जस्तासामग्री वेब-साइटमा राखिएको छ । यसै वेब-साइटमा महत्वपूर्ण सम्पर्क वेब-साइट (Linkge) पनि दिइएको छ ।

२८. आयोगका गतिविधि अंग्रेजी भाषामा

सूचनाको हकसम्बन्धी विषय राष्ट्रियमात्र नभएर अन्तर्राष्ट्रिय चासोसमेतको विषय भएकाले आयोगले गरेका महत्वपूर्ण निर्णयहरू अंग्रेजी भाषामा अनुवाद गरी आयोगको वेब-साइटमा राख्ने

गरिएको छ । यसका साथै आयोगबारे जानकारी दिने 'ब्रोसियर' पनि अंग्रेजी भाषामा तयार गरिएको छ । यसैगरी विगत पाँच वर्षको आयोगको प्रतिवेदनको सारांशलाई एकीकरण गरी अंग्रेजी भाषामा अनुवाद गर्ने कार्य अगाडि बढेको छ । आयोगले सूचनाको हकसम्बन्धी कानुनको अंग्रेजी संस्करण पनि प्रकाशित गर्दैछ ।

२९. आयोगभित्र व्यवस्थापन सुधारको थालनी

आयोगको दैनिक प्रशासनलाई चुस्त र दुरुस्त तुल्याउने प्रयासको थालनी भएको छ । यसअन्तर्गत विज्ञ/विशेषज्ञहरूलाई आमन्त्रण गरी तिनका कुरा सुन्ने, नियमितरूपमा स्टाफ मिटिङ गर्ने, आयोगका काम-कारबाहीलाई सूचना सञ्जालमा आबद्ध गर्ने लगायतका काम आरम्भ भएका छन् ।

३०. सूचनाको हकसम्बन्धी लेखको सँगालो प्रकाशन

स्कुल र क्याम्पसको पाठ्यपुस्तकमा तथा प्रशिक्षण प्रदान गर्ने निकायहरूको पाठ्यक्रममा सूचनाको हकको विषयलाई समावेश गर्ने प्रक्रियाको थालनी भएसँगै यससम्बन्धी सन्दर्भ सामग्रीको खोजी/आवश्यकता महसुस भएको छ । साथै, यस क्षेत्रका विज्ञको रोस्टर पनि तयार हुन जरुरी भएको छ । यसैलाई केही हदसम्ममा भए पनि पूरा गर्ने ध्येयले यस क्षेत्रका विद्वान, अभियन्ता, जानकार, कानुनवेत्ता, पत्रकारलगायतको लेखको सँगालो प्रकाशन गर्ने कामको थालनी गरिएको छ । निकट भविष्यमै यस्तो पुस्तक प्रकाशन हुनेछ । आयोगले नियमितरूपमा बुलेटिन र अन्य सामग्री पनि प्रकाशन गरिआएको छ ।

३१. आगमी आ.व. २०७२।७३ को बजेट प्रस्तावित

आगामी वर्षदेखि नयाँ र प्रभावकारी केही कार्यक्रमको माध्यमद्वारा नागरिकको सूचनाको हकको संरक्षण, संवर्द्धन र प्रचलनमा आयोग क्रियाशील छ । यसका लागि आयोगले आगामी वर्षको कार्यक्रमसहितको बजेट तर्जुमा गरी नेपाल सरकारसमक्ष पठाएको छ । विशेषगरी आयोगमा हेल्पलाईन स्थापना गर्ने, रेडियो, टीभी, अनलाइन र पत्रपत्रिकाबाट सूचनाको हकसम्बन्धी विविध प्रचार सामग्री निर्माण गरी प्रसारण र प्रकाशन गर्ने, सूचनाको हकको प्रभावकारी कार्यान्वयनका लागि यसलाई जनताको घरदैलोमै पुग्ने गरी 'महाअभियान' नै सञ्चालन गर्ने, आयोगको स्थापना दिवस र विश्व थाहा दिवसमा पचहत्तरै जिल्लाबाट सहभागी जुटाई राष्ट्रियस्तरको ३।३ दिने विशेष कार्यक्रम सञ्चालन गर्ने, सूचना अधिकारीहरूलाई उत्प्रेरित गर्ने प्याकेज लागू गर्ने, RTI Audit र RTI Budget को अवधारणा लागू गर्ने, RTI Traning Centre स्थापना गर्ने र पचहत्तरै जिल्लामा गैरसरकारी संस्थालाई परिचालन गर्नेजस्ता कार्यक्रमको अवधारणा तयार गरी आयोगले सरकारसँग बजेट प्रस्तावित गरेको छ । यसैगरी पचहत्तरै जिल्लामा हुलाकबाट यस कामको अनुगमन गराउनेलगायतका थुप्रै नवीनतम सोचमा आधारित कार्यक्रम प्रस्ताव गरिएको छ । यसमा सरकारबाट पूर्णतः सहयोग प्राप्त हुने आयोगको विश्वास छ ।

अन्त्यमा, पुनः एकपटक आयोगलाई सबै क्षेत्रबाट प्राप्त सहयोग र विश्वासका लागि हार्दिक आभार प्रकट गर्दै यस्तो सहयोग भविष्यमा पनि प्राप्त भइरहने अपेक्षा गरेका छौं ।

राष्ट्रिय सूचना आयोग
काठमाण्डौ, नेपाल
फोन नं. : ०१-४६०२७४७, ४६०२९२०, फ्याक्स : ०१-४६०१२१२
इमेल : info@nic.gov.np, वेभ : www.nic.gov.np

मुद्रक : कोशी प्रिन्टिङ्ग प्रेस । बबरमहल, काठमाडौं । फोन नं. ४२२५६९६